बैठक संख्या २१

आज मिति २०७७ साल जेष्ठ महिनाको ८ गतेका दिन सुदूरपश्चिम प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव श्री रामकृष्ण सुवेदीज्यूको अध्यक्षतामा यस प्रदेशका मन्त्रालयका सचिव तथा प्रतिनिधीज्यूको उपस्थितिमा बैठक बसी विविध समसामयिक विषयहरुमा छलफल तथा निर्णय गरियो।

उपस्थिति

१. प्रमुख सचिव - श्रीमान रामकृष्ण सुवेदी - मु.म. तथा म.प.का.
२. प्रदेश सचिव - डा. श्री कमल प्रसाद पोखरेल - मु.म. तथा म.प.का.
३. प्रदेश सचिव - श्री किशोर कुमार चौधरी - मु.म. तथा म.प.का.
४. प्रदेश सचिव - श्री कृष्ण ब. राउत - आन्तरिक मा. तथा का.म.
५. प्रदेश सचिव - श्री प्रेमराज अर्याल - आर्थिक मा. तथा योजना
६. प्रदेश सचिव - श्री हरिप्रसाद लम्साल - सामाजिक विकास म.
७. प्रदेश सचिव - डा. श्री किशनलाल भट्ट - भूमि व्य. कृ. तथा स.
८. प्रदेश सचिव - श्री इन्द्रदेव भट्ट - भौतिक पूर्वाधार वि. म.
९. प्रदेश सचिव - श्री यम प्रसाद पोखरेल, उद्योग पर्यटन वन तथा वातावरण

निर्णयहरु

१. चालु आ.ब. २०७६/०७७ को असार मसान्तभित्र कार्य सम्पन्न हुने आयोजनाहरुको हकमा औचित्यता समेतका आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन र उक्त मन्त्रालयको च.नं. १०९० मिति २०७७/०१/२१ को बजेट रोक्का बिषयको पत्रको प्रतिकुल नहुने गरी कार्य सम्पन्न गर्ने गराउने ।

२. उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ मा कुनै संशोधन गर्नुपर्ने भए सो सम्बन्धमा सुझावहरु समयमै आर्थिक मामिला तथा योजना मन्त्रालयमा लेखि पठाउने ।

३. आगामी आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम तयारी गर्ने सन्दर्भमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट माग भएका आवश्यक विवरणहरु तयार गरी सबै मन्त्रालयहरुले यथाशीघ्र प्रठाउने ।

०७७/२/७